आज मिति २०८१ साल पौष १२ गते शुक्रवारको दिन आमचोक गाउँपालिकाको अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा वसेको गाउँ कार्यपालिकाको वैठक देहाय बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

**उपस्थिति**

| सि.न. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री निम्नुरी शेर्पा | |
| ४ | सदस्य | श्री गोपाल राई | |
| ५ | सदस्य | श्री नेत्र बहादुर खत्री | |
| ६ | सदस्य | श्री राम प्रसाद राई | |
| ७ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ८ | सदस्य | श्री नविन राई | |
| ९ | सदस्य | श्री सन्तोष राई | |
| १० | सदस्य | श्री रोशन मगर | |
| ११ | सदस्य | श्री बालदिप राई | |
| १२ | सदस्य | श्री सुक माया राई | |
| १३ | सदस्य | श्री शान्ति राई | |
| १४ | सदस्य | श्री सुजता प्रधान | |
| १५ | सदस्य | श्री भवानी विष्ट | |
| १६ | सदस्य | श्री मञ्जु भुजेल | |
| १७ | सदस्य | श्री गोविन्द परियार | |
| १८ | सदस्य (कार्यवाहक वडा अध्यक्ष) | श्री दुर्गा वहादुर विष्ट | |
| १९ | सचिव | श्री धन कुमार राई | |
| २० | प्रशासन शाखा प्रमुख | श्री राजेश राई | |

प्रमुख प्रशासकीय अधिकृत २०८१/९/१२

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

०८१/९/१२ अध्यक्ष

**प्रस्तावहरु**

१. करार सेवामा ट्र्याक्टर चालक नियुक्ति सम्वन्धमा
२. करार सेवाको लागि सूचना प्रविधि अधिकृत र स्काभेटर चालकको विज्ञापन आह्वान सम्वन्धमा
३. कोल्ड स्टोर निर्माणको रनिङ विल भुक्तानी सम्वन्धमा
४. आमचोक खानेपानी संस्था सञ्चालनको लागि कोठा उपलव्ध गराउने सम्वन्धमा
५. आमचोक खानेपानी संस्थाको प्रवन्ध निर्देशक नियुक्ति सम्वन्धमा
६. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष सम्वन्धमा
७. वडा कार्यालयहरुको विद्युत जडान खर्च र अन्य खर्च भुक्तानी सम्वन्धमा
८. व्याकहोलोडर मर्मतको रकम भुक्तानी सम्वन्धमा
९. गाउँपालिकाको दुइपाङ्ग्रे सवारी साधन मर्मत सम्वन्धमा
१०. गरिवि निवारणको लागि लघु उद्यम विकास कार्यक्रमको रकम वाँडफाँड सम्वन्धमा
११. कृषि संकलन केन्द्र सञ्चालनको प्रस्ताव स्वीकृति सम्वन्धमा
१२. खा.पा.स.टे.को पदस्थापना सम्वन्धमा
१३. वडा सचिवहरुको जिम्मेवारी तोक्ने सम्वन्धमा
१४. कार्यपालिका सदस्यहरुको विदा वा काज स्वीकृति सम्वन्धमा
१५. प्राविधिकहरुको लागि फिल्ड सामग्री खरीद सम्वन्धमा
१६. कानून निर्माण उपसमितिको संयोजक मनोनयन सम्वन्धमा
१७. सडक मर्मत सम्वन्धमा
१८. झौलुङ्गे पुल माग गर्ने सम्वन्धमा

**निर्णयहरु**

**निर्णय नं.१**

प्रस्ताव नं. १ माथि छलफल भई आमचोक गाउँपालिकाको करारमा कर्मचारी छनौट समितिको मिति २०८१ पौष ३ गतेको सिफारीस र छनौट भएको उम्मेदवारको निवेदनको आधारमा आमचोक ३ निवासी श्री टंक वहादुर कार्कीको छोरा श्री भरत कार्कीलाई ट्याक्टर चालक (श्रेणी विहिन) पदमा आजैको मितिदेखि लागु हुने गरी २०८२ असार मसान्त सम्म करारमा नियुक्त गर्ने ।

**निर्णय नं.२**

प्रस्ताव नं २ माथि छलफल भई यस कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत(छैठौं तह) का श्री नविन ढकालले राजिनामा दिइ दरवन्दी रिक्त रहेको र हाल गाउँपालिकाले स्काभेटर खरीद प्रकृयाको अन्तिम चरणमा पुगेकोले स्काभेटर चालक (हेभि सवारी चालक) श्रेणी विहिन आवश्यक भएकोले सो पदको दरवन्दी श्रृजना गरी करार सेवामा लिनको लागि २१ दिनको विज्ञापन आह्वान गर्ने ।

**निर्णय नं.३**

प्रस्ताव नं. ३ माथि छलफल भई मिती २०८१/०२/०३ मा IFB NO.: ARM/NCB/WORKS/02/2080-081 "Construction of Cold Store at Aamchowk Rural Municipality" कार्यको लागि आमचोक गाउँपालिकाको कार्यालय र जे पि ईन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा लि चन्द्रागिरी काठमाण्डौ बिच सम्झौता भएको र निर्माण व्यवसायीबाट प्रथम रनिङ बिल माग भई आएकोले हाल सम्मको कार्यको मुल्याङ्कन प्रतिवेदन अनुसारको तपशिल वमोजिमको रकम भुक्तानी दिने ।

**तपशिलः**

- सम्झौता रकम : रु २,४७,१४,६६४।६३
- यस बिल बमोजिमको रकमः रु ६६,१९,०३०।–
- मु अ क रकमः रु ८,६०,४७।९०
- PS Item: रु ६५,०१४।८८
- जम्मा रकमः रु ७५,४४,५१८।७८
- कन्टिजेन्सीः रु २,२६,३३५।५६
- जम्माः रु ७७,७०,८५४।३४
- अग्रीम आय करः रु ९९,२८५।४५
- धरौटि रकमः रु ३,३०,९५१।५

२०८१/९/१२

०८१/९/१२

- अन्य कट्टा गर्नु पर्ने रकमः रु २,५८,१४२।१७
- पेश्की कट्टीः रु २८,००,०००।–
- खुद भुक्तानी हुने रकमः रु ४०,५६,१४९।६६

**निर्णय नं.४**

प्रस्ताव ४ माथि छलफल भई आमचोक खानेपानी संस्था सञ्चालक समितिले आमचोक खानेपानी संस्था सञ्चालनको लागि कोठा उपलब्ध गराइदिनको लागि माग भए वमोजिम आमचोक गाउँपालिकाको खानेपानी ऐन, २०८० को दफा १४ को उपदफा (२) वमोजिम अर्को व्यवस्था नभए सम्मको लागि संस्था संचालनको लागि गाउँपालिकाको स्वामित्वमा रहेको नया सामुदायिक भवनको तल्लो तलाको (१) कोठा कार्यालय स्थापनाको लागि निशुल्क उपलब्ध गराउने ।

**निर्णय नं.५**

प्रस्ताव ५ माथि छलफल भई आमचोक गाउँपालिकाको खानेपानी ऐन, २०८० को दफा ९ को उपदफा (२) (झ) वमोजिमको खानेपानी संस्था सञ्चालक समितिको सिफारिस वमोजिम प्रवन्ध निर्देशकमा अर्को व्यवस्था नभए सम्मको लागि अस्थाई रुपमा कार्य गर्नेगरी आमचोक गाउँपालिकाको सव इन्जिनियर श्री भिमलाल गिरीलाई नियुक्ती गर्ने ।

**निर्णय नं.६**

प्रस्ताव नं. ६ माथि छलफल भई आमचोक गाउँपालिकाको कतिपय विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा वडा अध्यक्षहरु नै रहेको पाइएकोले सर्वोच्च अदालतको नजिर वमोजिम विद्यालय व्यवस्थापन समितिको अध्यक्षमा रहेका वडा अध्यक्षहरुले तुरुन्त राजिनामा दिइ पुनर्गठन गर्नको लागि विद्यालयहरुलाई पत्रचार गर्ने ।

**निर्णय नं.७**

प्रस्ताव नं. ७ माथि छलफल भई वडा कार्यालयहरुवाट सिफारिस भइ आएका र अन्य माग भइ आए वमोजिम तपशिल वमोजिमको रकम भुक्तानी दिने ।

| क्र.सं. | विवरण | रकम | वजेट श्रोत |
|---|---|---|---|
| १ | १ नं. वडा कार्यालयमा केन्द्रिय विद्युत लाईन जडान | ८६५३। | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| २ | प्रहरी कार्यालय वासिङ्थर्पूमा केन्द्रिय विद्युत लाईन जडान | २४२६३। | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ३ | वडा नं ९ को स्वास्थ्य कार्यलय वाइरिङ र ल्याव उद्घाटन खर्च | ४४२५८। | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ४ | ३ नं. वडा कार्यालयमा केन्द्रिय विद्युत लाईन जडान | ३९३९३। | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च |
| ५ | समाज रुपान्तरण मिडिया हाउस, मोरङद्वारा सूचना प्रचार प्रसार | ३००००। | पत्रपत्रीका छपाई तथा सूचना प्रकाशन खर्च |
| ६ | जोगेपाथर झो.पु.मर्मत आमचोक ९ | ५००००। | मर्मत सम्भार कोष |

**निर्णय नं.८**

प्रस्ताव नं. ८ माथि छलफल भई श्री अर्थ अटो हिवल्स प्रा.लि. विराटनगरलाई आमचोक गाउँपालिकाको व्याकहोलोडर मर्मतको रकम भ्याटवाहेक रु.२०९५४०।(अक्षेरुपी दुइलाख नौहजार पाँचसय चालिस) मात्र भुक्तानी दिने ।

प्रमुख प्रशासकीय अधिकृत 2081/9/12

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालुवा, भोजपुर

०८१।९।१२ अध्यक्ष

**निर्णय नं.९**

प्रस्ताव नं. ९ माथि छलफल भई गाउँपालिकाको नाम्मा दर्ता भएका र आमचोक गाउँपालिका क्षेत्रभित्रका सुरक्षा निकायका नाम्मा दर्ता भएका दुइपाङ्ग्रे सवारी साधनहरुको मर्मत लागत अनुमान तयारी गरी मर्मत गर्ने ।

**निर्णय नं.१०**

प्रस्ताव नं.१० माथि छलफल भई आर्थिक वर्ष २०८१/८२ मा गरीवि निवारणको लागि-लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका अनुसारको नया उद्यमि सिर्जना तर्फ प्राविधक सिप विकास तालिम , लघु उद्यमीको स्तरोन्नति तर्फ पुनर्ताजगी तथा एडभान्स सिप विकास तालिम र प्रविधि हस्तानतरण तर्फको वजेटलाई तपशिल वमोजिम वाँडफाँड गर्ने ।

| क्र.सं. | कृयाकलाप | रकम रु. |
|---|---|---|
| १ | **नयाँ लघु उद्यमी सिर्जना तर्फ प्राविधिक सिप विकास तालिम रु.२३००००।** | |
| | क) वाख्रपाललन तालिम | ६५००० |
| | ख) वंगुर पालन तालिम | ८०००० |
| | ग) फर्निचर निर्माण तालिम | ८५००० |
| २ | **नयाँ लघु उद्यमी सिर्जना तर्फ प्रविधि हस्तान्तरण रु.१५००००।** | |
| | क) प्रजनन योग्य वाख्राको पाठो खरीद तथा वितरण | ७०००० |
| | ख) वंगुरको पाठो खरीद तथा वितरण | ८०००० |
| ३ | **उद्यमीहरुको स्तर उन्नती( पुनर्ताजगी तथा एडभान्स सिप विकास तालिम) रु.२४००००।** | |
| | क) एडभान्स वाख्रा पालन तालिम | १६६००० |
| | ख ) वडिजो खरीद तथा वितरण | २४००० |
| | ख) मौरी घार खरीद तथा वितरण | ५०००० |
| ४ | **प्रबिधि हस्तान्तरणतर्फ समूहमा प्रविधि हस्तान्तरण रु.१४००००।** | |
| | क) प्रजनन योग्य वाख्राको पाठो खरीद तथा वितरण | १४०००० |

**निर्णय नं.११**

प्रस्ताव नं. ११ माथि छलफल भई यस आर्थिक वर्ष जम्मा रु.५०००००।(पाँचलाख) खर्च हुने गरी कृषि शाखाद्वारा तयारी गरिएको आमचोक कृषि संकलन केन्द्र सञ्चालनको प्रस्ताव स्वीकृत गर्ने ।

**निर्णय नं.१२**

प्रस्ताव नं. १२ माथि छलफल भई आमचोक गाउँपालिकामा मिति २०७७/३/१० गतेदेखि कार्यरत खा.पा.स.टे.(चौथो) सन्तोष सिंहको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७८/०८/२० को निर्णय वमोजिम कर्णाली प्रदेश,सल्यान जिल्ला, कालिमाटी गाउँपालिकामा काम काजमा कार्यरत रहेकोमा कर्णाली प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन)ऐन २०८१ को दफा १३६ बमोजिम हाल कार्यरत कालिमाटी गाउँपालिकामा पदस्थापनको लागि सहमती दिने । साथै योगदानमा आधारीत निवृत्तिभरण,सञ्चय कोष र सावधिक जिवन विमा वापतको रकम कट्टि भई निजकै नाम्मा जम्मा भएकोले सम्वन्धित कार्यलयलाई जानकारी दिने ।

२०८१/९/१२

०८१।९।१२

**निर्णय नं.१३**

प्रस्ताव नं. १३ माथि छलफल भई वडा नं ८,९ र १० मा कार्यरत वडा सचिवहरुको काज सरुवाको पत्र प्राप्त भएकोले अर्को व्यवस्था नभएसम्मको लागि रिक्त वडा सचिवहरुमा तपशिल वमोजिमको व्यवस्था गर्ने।
तपशिल

- वडा नं -६ मा कार्यरत वडा सचिव प्रशासन सहायक ( पाँचौ) श्री सरोज दासलाई वडा नं ९ को वडा सचिवमा खटाउने।
- वडा नं ७ र ३ मा कार्यरत सचिव नायव पशु स्वास्थ्य प्राविधिक(चौथो) श्री प्रशान्त आचार्यलाई वडा नं ७ र ६ को वडा सचिवमा खटाउने।
- वडा नं २ मा कार्यरत वडा सचिव प्रशासन सहायक ( चौथो) श्री सन्तोष कुमार गिरीलाई वडा वडा नं २ र ३ को वडा सचिव्रमा खटाउने ।
- पाङचा स्वास्थ्य चौकीमा कार्यरत हे अ श्री केशब कुमार चौधरीलाई वडा नं १० को वडा सचिवमा खटाउने।
- वडा नं. ८ र ९ को वडा प्राविधिक असिष्टेन्ट सव इन्जिनियर (चौथो) श्री मिन विष्टलाई वडा नं ८ को वडा सचिवको थप जिम्मेवारी दिने।

**निर्णय नं.१४**

प्रस्ताव नं. १४ माथि छलफल भई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १६ को उपदफा (४) घ (३) मा व्यवस्था भए अनुसार कार्यपालिका सदस्यहरु सातदिन भन्दा वढी समय गाउँपालिकामा अनुपस्थित हुने भएमा अध्यक्षलाई जानकारी गराउने।

**निर्णय नं.१५**

प्रस्ताव नं. १५ माथि छलफल भई प्राविधिकहरुको वैठकवाट तपशिल वमोजिमको फिल्ड सामग्रीहरु र अन्य सुविधा माग भई आएकोले तपशिल वमोजिम उपलव्ध गारउने।

- पेट्रोल मासिक १० लिटर
- ट्याक सुट प्रति व्यक्ति १ सेट
- झोला प्रति व्यक्ति १ थान
- रेनकोट प्रतिव्यक्ति १ थान
- Distance Measuring Wheel (पाँच गोटा)
- Angle Measuring Cube

**निर्णय नं.१६**

प्रस्ताव नं. १६ माथि छलफल भई आमचोक गाउँपालिकाको नीति, कार्यक्रम र वजेट वमोजिम कार्यविधिहरु निर्माण गर्नु पर्ने भएकोले सो कार्यविधिहरु निर्माण गरी विधायन समितिमा पेश गर्नको लागि गठित उपसिमितिको संयोजक सूचना प्रविधि अधिकृत नविन ढकालले राजिनामा दिइ यस कार्यलयवाट गैसकेकोले संयोजकमा प्रशासन शाखा प्रमुख श्री राजेस राईलाई तोक्ने ।

**निर्णय नं.१७**

प्रस्ताव नं. १७ माथि छलफल भई आमचोक ७ को सैलाम सागुरी सडक वर्षातको कारण ठूलो क्षेति भइ मर्मत गर्नु पर्ने भएकोले मर्मत सम्भार कोषवाट खर्च हुने गरी रु.५०००००।(पाँचलाख) रकम खर्च गरी उपभोक्ता समिति मार्फत मर्मत गर्ने। साथै गाउँपालिकामा रहेको आवश्यक ग्याविन जालि प्राविधिकको लागत अनुमान वमोजिम उपलव्ध गराउने।

**निर्णय नं.१८**

प्रस्ताव नं. १८ माथि छलफल भई नेपाल सरकार सहरी विकास मन्त्रालय,स्थानीय पूर्वाधार विकास विभाग झोलुङ्गे पुल शाखाको च.नं.१४४,मिति २०८१/९/२ को पत्र वमोजिम प्राथमिक्ताको आधारमा तपशिल वमोजिमको झौलुङ्गे पुलहरु माग गर्ने ।

**तपशिल**

| प्रा.नं. | झो.पु.को नाम | झो.पु. चाहिने स्थानको नाम र वडा नं. | | नदी/खोलाको नाम | झो.पु.को अनुमानित लम्वाई | लाभान्वित जनसंख्या | | प्रस्तावित झो.पु. र हाल भएको झो.पु./सडक पुलको दुरी | | झो.पु.वाट पहुँच हुने सेवाको प्रकार(वजार,स्कुल,स्वास्थ्य | प्रस्तावित झो.पु.को GPS Co-ordinate | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दाया किनारा तर्फ | वायाँ किनारा तर्फ | | | दुवै किनारा तर्फ | वायाँ किनारा तर्फ | झो.पु. | सडक पु. | | दाया किनारा | वाया किनारा |
| १ | भरा झो.पु. | आमचोक-७ | हतुवागढी-३ | छिर्लिङ खोला | १०० मी | २२०० | ११०० | ७ कि.मी. | नभएको | वजार,स्कुल, स्वास्थ्य केन्द्र | | |
| २ | खम्वेखोला झो.पु. | आमचोक | आमचोक | खम्वे खोला | ८० मी | २००० | १००० | ५ कि.मी. | नभएको | वजार,स्कुल | | |
| ३ | सिसुवा एखुवा खोला झो.पु. | आमचोक-८ | हतुवागढी-९ | एखुवा खोला | ८५ मी | १८०० | ९०० | ३ कि.मी. | नभएको | वजार,स्कुल | | |
| ४ | केन्टुखा झो.पु. | आमचोक-४ | हतुवागढी-३ | एखुवा खोला | ६० मी | २००० | १००० | ३ कि.मी. | नभएको | वजार,स्कुल | | |
| ५ | लसुने झो.पु. | आमचोक-१० | वेलका न.पा.-६ | दुधकोशी | १५० मी | १६०० | ८०० | ३ कि.मी. | नभएको | वजार,स्कुल | | |
| ६ | किनुवा झो.पु. | आमचोक-८ | वेलका न.पा.- | किनुवा खोला | १५० मी | १००० | ५०० | ६ कि.मी. | नभएको | वजार,स्कुल | | |
| ७ | लसुने झो.पु. | आमचोक-९ | वेलका न.पा.-१० | लसुने खोला | ५० मी | ६००० | ३००० | ६ कि.मी. | नभएको | वजार,स्कुल | | |